बैठक नं. ८

मिति : २०८२।१०।२३गते

स्थानः तातोपानी गा पा सभाहल

समयःबिहान ११ बजे

माथि उल्लेखित मिति,स्थान र समयमा यस तातोपानी गाउँपालिकाका अध्यक्ष श्री नन्द प्रसाद चौलागाई ज्यू को अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसि देहायका पदाधिकारीहरुको उपस्थितिमा तपशिल बमोजिम निर्णय गरियो ।

उपस्थितिहरु

| नाम थर | पद | दस्तखत |
|---|---|---|
| श्री नन्द प्रसाद चौलागाई | अध्यक्ष | |
| श्री रेवति रावल | उपाध्यक्ष | |
| श्री कर्ण बहादुर कठायत | १ नं वडा अध्यक्ष | |
| श्री चन्द्रमान बुढा | २ नं.वडा अध्यक्ष | |
| श्री गोकर्ण रावल | ३ नं. वडा अध्यक्ष | |
| श्री अमर बहादुर रोकाया | ४ नं. वडा अध्यक्ष | |
| श्री छिरिङ्ग महत | ५ नं वडा अध्यक्ष | |
| श्री विशाल खड्का | ६ नं वडा अध्यक्ष | |
| श्री तिलक बहादुर रावत | ७ नं. वडा अध्यक्ष | |
| श्री नर बहादुर रावत | ८ नं. वडा अध्यक्ष | |
| श्री शोभा चौलागाई | कार्यपालिका सदस्य | |
| श्री सन्ता देवी बुढा | कार्यपालिका सदस्य | |
| श्री दलसिंह कामी | कार्यपालिका सदस्य | |
| श्री कृष्णा देवी शाही | कार्यपालिका सदस्य | |
| श्री जलुकी सार्की | कार्यपालिका सदस्य | |
| श्री भृकुटी नेपाली | कार्यपालिका सदस्य | |
| श्री तिर्थ बहादुर कठायत | सदस्य सचिव | |

तातोपानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लिताकोट, जुम्ला कर्णाली प्रदेश, नेपाल

प्रस्तावहरुः

१. कार्यपालिका वैठकको समिक्षा सम्बन्धमा ।

२. सङ्घीय समपुरक तथा विशेष अनुदान अन्तर्गतका आयोजना छनोट सम्बन्धमा ।

३. प्राविधिक कर्मचारीहरुको जिम्मेवारी तोक्ने सम्बन्धमा ।

४. कर्मचारीको वेतलबी बिदा स्विकृत सम्बन्धमा ।

५. चालु आव को योजनाहरुको सञ्चालन ठेक्का मार्फत कार्यान्वयन गर्ने सम्बन्धमा ।

६. मतदाता शिक्षाको स्वंयसेवक तोक्ने सम्बन्धमा ।

७. कामकाज सम्बन्धमा ।

८. रकम भुक्तानी सम्बन्धमा ।

९. जडीबुटीका लागि पकेट क्षेत्र तथा प्रजाती छनोट सम्बन्धमा ।

१०. उपभोक्ता समिति सम्बन्धमा ।

*निर्णय नं १.* यस तातोपानी गाउँपालिका यस भन्दा पहिलाका कार्यपालिकाका वैठकहरुको समिक्षा गर्दै कार्यान्वयन नभएका वैठकका निर्णयहरुको यथाशिघ्र कार्यान्वयनका लागि निर्देशन दिने निर्णय गरियो ।

*निर्णय नं २.* सङ्घीय सरकार राष्ट्रिय योजना आयोगबाट मिति २०८२।०८।२६ गते स्थानीय तहमा आगामी आर्थिक बर्ष २०८३।०८४ का लागि सङ्घीय समपुरक तथा बिशेष अनुदान मार्फत सञ्चालन गरिने आयोजना/कार्यक्रमका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना प्रकाशित गरेकाले सोहि सूचना बमोजिम तातोपानी गाउँपालिका जुम्लाले आ.व. २०८३।०८४ का लागि समपुरक अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२ र विशेष अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२ बमोजिम उल्लिखित शर्तहरु पालना गरी आवश्यक्ता र औचित्यका आधारमा निम्नानुसारका आयोजना/कार्यक्रम छनौट गरी सम्बन्धित निकायमा पठाउने निर्णय गरियो ।

निम्नानुसार

**समपुरक अनुदान**

क) राँका पक्की पुल क्रमागत वडा नं १ राँका

ख) औधोगिक ग्राम जाने बाटो स्तरोन्नती वडा नं ४

ग) श्रीनगर र लाम्रा चौरमा खुल्ला व्यायमशाला निर्माण वडा नं ५

**विशेष अनुदान**

क) दुर्गा मा वि भवन निर्माण वडा नं ७ मधु सुर्की

ख) पोषणमैत्री स्थानीय तह घोषणाका लागि बहुक्षेत्रिय पोषण सेवा विस्तार कार्यक्रम

ग) विभेदमा परेका लक्षित समूहलाई आय आर्जन तथा जिविकोपार्जन सुधार कार्यक्रम

***निर्णय नं ३.*** तातोपानी गाउँपालिका अन्तर्गत प्राविधिक शाखामा कार्यरत करार कर्मचारीहरु हाल सेवामा नरहेको र सामु तामाङ्ग वेतलबी बिदामा रहेकाले चालु आ.व. मा ८ वटै वडामा सञ्चालनमा रहेका आयोजना/कार्यक्रमको प्राविधिक पक्षको काम गर्न तपशिलका प्राविधिक कर्मचारीहरुलाई देहाय बमोजिमको कार्य जिम्मेवारी दिने र सोको जानकारी सम्बन्धित कर्मचारीलाई जानकारी दिने निर्णय गरियो ।

तपशिल

| क्र.स | नाम थर | पद | कार्यजिम्मेवारी | वडा नं |
|---|---|---|---|---|
| १ | श्री धन प्रसाद चौलागाई | ईन्जिनियर छैटौं | (साईड ईन्चार्ज) वडा प्राविधिकलाई डिजाईन, स्टिमेट लगायत अनुगमन कार्यमा पृष्ठपोषण दिने | १, ५, ६ र ७ |
| २ | श्री केशव वम | ईन्जिनियर छैटौं | | २, ३,४ र ८ |

***निर्णय नं ४.*** तातोपानी गाउँपालिकामा ईन्जिनियरिङ्ग सेवा सिभिल समूह अधिकृत छैटौं ईन्जिनियर पदमा कार्यरत श्री सामु तामाङ्गले असाधारण बिदा स्विकृत गरिदिनहुन भनि कर्णाली प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८१ को अनुसूचि २७ बमोजिमको निवेदन कार्यालयमा पेश गरेकाले निजलाई सोही नियमावलीको नियम ८८ र नियम ९२ को उपनियम (२) बमोजिम एक बर्षका लागि असाधारण बिदा स्विकृत गर्ने र सोको जानकारी निज कर्मचारीलाई दिने निर्णय गरियो ।

***निर्णय नं ५.*** तातोपानी गाउँपालिकाबाट चालु आर्थिक बर्षमा विभिन्न अनुदानमा सञ्चालन हुने आयोजनाहरुको गुणस्तरियता तथा मितव्ययिता कायम गरी दिगो व्यवस्थिपन गर्न निम्नानुसारका आयोजनाहरु ठेक्का मार्फत कार्यान्वयन गर्ने निर्णय गरियो ।

१. तरापी लिफ्ट सिचाई आयोजना (युएनडिपिको साझेदारीमा) वडा नं १
२. राँका पक्की पुल निर्माण वडा नं १
३. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम मार्फत सञ्चालन हुने विद्यालय भवन निर्माणका सम्पुर्ण आयोजनाहरु
४. हेभि मेशिन खरिद (जेसिभि र ट्याक्टर)

***निर्णय नं ६.*** मिति २०८२ फाल्गुण २१ गते सम्पन्न हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि जिल्ला निर्वाचन कार्यालय जुम्लाले मतदाता शिक्षा स्वंसेवकको नाम सिफारिस गरि पठाउने भनि लेखि आएकाले तपशिलका स्वंसेवकलाई छनोट गरी पठाउने निर्णय गरियो ।

| क्र.स. | नाम थर | कार्यक्षेत्रगत पद | स्थायी ठेगना | मोबाईल नं | कैफियत |
|---|---|---|---|---|---|

तातोपानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जुम्ला कर्णाली

| | | | | | |
|---|---|---|---|---|---|
| १ | सरिता डाँगी कठायत | ECD सहजकर्ता | तातोपानी गापा वडा नं १ | | |
| २ | गंगा सार्की | म स्वा स्वं सेविका | तातोपानी गापा वडा नं २ | | |
| ३ | सम्झना रावल | CLC | तातोपानी गापा वडा नं ३ | | |
| ४ | धनकली चौलागाई | म स्वा स्वं सेविका | तातोपानी गापा वडा नं ४ | | |
| ५ | सुरेखा न्यौपाने | CLC | तातोपानी गापा वडा नं ५ | | |
| ६ | उषा खत्री | ECD सहजकर्ता | तातोपानी गापा वडा नं ६ | | |
| ७ | चन्द्रावती कुँवर | म स्वा स्वं सेविका | तातोपानी गापा वडा नं ७ | | |
| ८ | गिता थापा शाही | म स्वा स्वं सेविका | तातोपानी गापा वडा नं ८ | | |

__*निर्णय नं ७.*__ तातोपानी गाउँपालिकामा विभिन्न सेवा तथा तहमा कार्यरत करार कर्मचारीहरुको कामकाज सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको मिति २०८२।०५।१७ गतेको अन्तरिम आदेशानुसार तपशिलका कर्मचारीहरुलाई ~~[illegible]~~ हाजिर गराउने निर्णय भएकाले निजहरुलाई सम्मानित सर्वोच्च अदालतको अन्तरिम आदेश नआउन्जेल निम्नानुसारको जिम्मेवारी दिई कामकाजमा लगाउने निर्णय गरियो।

| क्र.स. | नाम थर | पद | कार्यजिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| १ | धर्मराज न्यौपाने | सहायक स्तर चौथो | ६ नं वडा कार्यालय | |
| २ | नवराज महत | अ स ई | गाउँपालिका प्राविधिक शाखा | |
| ३ | प्रेम प्रकाश न्यौपाने | अ स ई | गाउँपालिका प्राविधिक शाखा | |
| ४ | सुर्य कुमारी शाही | अनमी | आधारभुत स्वा. केन्द्र तातोपानी २ | |
| ५ | कर्ण प्रसाद उपाध्याय | अहेव | आधारभुत स्वा. केन्द्र तातोपानी १ राँका | |

__*निर्णय नं ८.*__ क) त.तोपानी गाउँपालिका अन्तर्गतका विभिन्न वडाका मानसिक असन्तुलन भएका नागरिकहरुको उपचारका लागि मानव सेवा आश्रम सुर्खेतमा उपचारका लागि पठाईएको र निजहरुको खर्च पालिकाले व्यहोर्ने शर्त भएबमोजिम उक्त आश्रम सेवालाई विपद् व्यवस्थापन शिर्षक बाट रु १,५०,००० (अक्षरुपी रु एक लाख पचास हजार रुपैया मात्र) भुक्तानी गर्ने निर्णय गरियो।

ख) तातोपानी गाउँपालिकामा कार्यरत ईन्जिनियर श्री डिल्ली बहादुर बुढाका लागि खरिद गरिएको मोटरसाईलको रकम भुक्तानी दिने निर्णय गरियो।

__*निर्णय नं ९.*__ डिभिजन वन कार्यालय जुम्लाद्धारा सञ्चलालन गर्न राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम अन्तर्गत पकेट क्षेत्रमा जडिबुटी संरक्षण कार्यक्रम कार्यान्वयनका लागि सङ्घीय शसर्त अनुदानका कार्यक्रमहरुको

कार्यविधि, २०८२ बमोजिम पकेट क्षेत्र एंव जडिबुटी पहिचान गरी पठाउने जानकारी प्राप्त हुन आएकाले सो को लागि निम्नानुसार छनोट गरी पठाउने निर्ण गरियो ।

१. नदैदेवी सामुदायिक वन समिति वडा नं ८ (ओखर, सेतक चिनी, लौटसल्ला, गुच्ची च्याउ र सतुवा)

२. कालापातल सामुदायिक वन वडा नं ८

***निर्णय नं १०.*** तातोपानी गाउँपालिकाबाट आर्थिक बर्ष २०८१।०८२ मा वडा नं २ मा आधारभुत स्वास्थ्य सेवा केन्द्रको भवन निर्माण गर्नका लागि निशुल्क जग्गा प्राप्त भएको र सो जग्गामा वडा कार्यालय भवन निर्माण गर्न सम्बन्धित वडामा उपभोक्ता समिति गठन भई योजना सम्झौता गरी पेश्की रकम लिएको र सो काम उक्त आ.व. मा सम्पन्न हुन नसकेकाले चालु आवमा सोही उपभोक्ता समितिलाई कार्य जिम्मेवारी दिई कार्यान्वयन गर्ने निर्णय गरियो ।

तातोपानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लिताकोट, जुम्ला
कर्णाली प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत